म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १२४ आइतबार, २६ मंसिर २०७८ नवमी ने. सं. ११४२ थिंलाथ्व 12 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फोनिजमा अशोकसुजनको नेतृत्व

हेटौंडा/नेपाल अदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरको पाँचौं अधिवेशनले अध्यक्षबाट अशोकसुजन श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको छ ।

शनिबार हेटौंडामा भएको अधिवेशनले उपाध्यक्षमा नवराज वाईबा, सचिवमा रुपा गुरुङ, कोषाध्यक्षमा सन्देश थिङ र सहसचिवमा मनिता रानालाई चयन गरेको हो । यस्तै, सदस्यमा जमुना थिङ, मञ्जरी बलामी, आशिष राना प्रज्ञा, भुपेन्द्र रानामगर, भुवन घलान र सम्झना मगरलाई चयन गरेको छ । यसैगरी प्रदेश प्रतिनिधिमा मीना श्रेष्ठ, दुदुमाया सिन्तान, आदर्श थोकर, जनक तामाङ र उमेश राई चयन भएका छन् भने, केन्द्रीय प्रतिनिधिमा सुरेश श्रेष्ठ, कृष्णसारु मगर, सुवर्णलाल श्रेष्ठ र रञ्जीता डंगोल चयन भएका छन् ।

अधिवेशनकै अवसरमा अग्रज पत्रकार सुवर्णलाल श्रेष्ठलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ । यस्तै फोनिजका संस्थापक अध्यक्ष देव लामा, पूर्वअध्यक्ष कुमार नेगी र पूर्णिमा लामालाई पनि सम्मान गरिएको छ ।

# देउवा प्यानलबाट मकवानपुरे नेतृ डिना सहमहामन्त्रीको उम्मेदवार

साझाकुरा संवाददाता

काठमाडौं/नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा मकवानपुरे नेतृ महालक्ष्मी डिना उपाध्याय सहमहामन्त्रीको उम्मेदवार बनेकी छन् ।

उनी कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा प्यानलबाट महिलातर्फ सह-महामन्त्रीको उम्मेदवार बनेकी हुन् । उनले देउवासँगै राष्ट्रिय सभागृहमा पुगेर उम्मेदवारी दर्ता गराएकी हुन् । उनी २०६३ सालदेखि कांग्रेस केन्द्रीय सदस्यमा रहेका काम गर्दै आएकी छन् ।

उम्मेदावरी दर्ता गराएसँगै प्रतिक्रिया दिँदै डीनाले पार्टीलाई थप सदृढ र रुपान्तरण गर्दै अगाडि बढाउनेमा आफ्नो भूमिका रहने र त्यसैका लागि आफु सहमहामन्त्रीको उम्मेदवार बनेको बताइन् । उनका समर्थकहरुले अहिले राष्ट्रिय सभागृह र भृकुटीमण्डपमा मत माग्ने काम भइरहेको छ । काँग्रेस केन्द्रीय समितिमा सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्रीसहित १ सय ३४ जना चयन हुनेछन् । महाधिवेशनमा ४ हजार ७ सय ४३ जना मतदाता छन् । नेतृत्व चयनका लागि सोमबार मतदान प्रक्रिया हुनेछ ।

कांग्रेस सभापतिमा शेर बहादुर देउवासहित ५ जनाको उम्मेदवारी दर्ता भएको छ । शनिबार साँझ ५ बजेसम्म सभापतिमा ५ जनाले उम्मेदवारी दिएका हुन् । जसमा प्रकाशमान सिंह, डा.शेखर कोइराला, कल्याण गुरुङ, युवराज न्यौपाने र बिमलेन्द्र निधी रहेका छन् । देउवा र कोइरालाले पदाधिकारीमा आफ्नो प्यानल बनाएका छन् भने, प्रकाशमान र बिमलेन्द्रको पदाधिकारीका सबै पदमा आफ्नो प्यानल निर्माण हुन सकेन ।







**यस्तो छ, डिनाको एजेन्डाहरु**

डिनाले आफ्नो उम्मेदवारी घोषणा गरेसँगै आफ्ना एजेन्डाहरु पनि सार्वजनिक गरेकी छन् । नेपाली कांग्रेसको सिद्धान्त र आर्दशलाई गन्तव्यमा पुऱ्याउने पहिलो प्राथमिकता रहेको उनको एजेन्डामा उल्लेख छ । नेपाली कांग्रेसले चाहेको र नेतृत्वले दिएको विचार र जिम्मेवारीलाई निर्णायक तहमा पुऱ्याउने उनको योजना छ ।

साथै उनले महिलालाई निर्णायक भूमिकामा पुऱ्याउने गरी नेतृत्वलाई दबाव दिन आफुले उम्मेदवारी दिने तयारी थालेको बताएकी छन् । राजनीति सुरुवात गर्दादेखि नै महिलाको आवाज बुलन्द पार्ने अभियानमा लागेकाले यो अभियानलाई अझ सशक्त बनाउन सहमहामन्त्री पदमा उम्मेदवारी दिएको उनको भनाइ छ ।

**डिनाको पृष्ठभूमी यस्ता छन्**

नेपाली कांग्रेसको राजनीतिमा लागेकी डिना उपाध्याय विभिन्न कालखण्डमा जेल जीवनदेखि राज्यमन्त्रीसम्म बनेकी छन् । राजनीतिक पृष्ठभूमिकी डिनाका हजुरबुवा उदयनाथ अधिकारी नेपाली कांग्रेस चितवनका संस्थापक सभापति थिए ।

राजनीति गरेकै आधारमा अधिकारी पटकपटक जेलमा समेत परेका थिए । घरकै मुल व्यक्ति राजनीतिमा लागेकाले अन्य सदस्यहरुलाई राजनीति बुझ्न त्यति असहज भने भएन । उदयनाथ जेलमा रहँदा उनको घरमा राजनीतिक बिषयमा नै चर्चा हुने गर्दथ्यो । डिना मात्र होइन उनका दाजुदिदीहरु पनि नेविसंघको सक्रिय राजनीतिमै थिए । जब डिना काठमाडौंको पद्मकन्या क्याम्पस भर्ना भइन् त्यो बेला नेपालमा पञ्चायत विरुद्धको आन्दोलन चलिरहेको थियो । नेपाली कांग्रेसले आन्दोलनको नेतृत्व गरिरहेको थियो ।

उक्त आन्दोलनमा डिना पनि सकृय भएर लागेकी थिइन् । पञ्चायत शासनको अन्त्य र प्रजातन्त्र पुनर्बहालीको आन्दोलनमा डिना सकृय भइन् । त्यसबाट राजनीति अझ नजिकबाट बुझ्ने अवसर मिलेको डिनाको भनाई छ । २०४२ सालमा नेपाली कांग्रेसले आह्वान गरेको सत्याग्रहमा पनि अग्रपन्थिमा रहेर काम गरेको अनुभव उनीसँग छ । सत्याग्रहमा लागेका बेला उपाध्याय जेलमा समेत परेकी थिइन् । जेलमा रहँदा गिरीजा प्रसाद कोइराला, नोना कोइराला, सुशिल कोइराला र शैलजा आचार्यलगायतका नेताहरुसँग उनको भेट भएको थियो ।

जेलमै रहँदा महिलाका हिंसा र महिलामाथि हुने विभेदबारे नजिकबाट बुझ्ने अवसर मिलेको उनले बताएकी छन् । उनमा महिलाका सवालमा काम गर्ने हुटहुटी त्यही बाट सुरु भयो । सत्याग्रको समयमा जेल पर्ने डिना परिवारकी एक्ली सदस्य भने थिइनन् । फरकफरक स्थानमा उपाध्यायका हजुरबुवा, हजुरआमा, मामासमेत गरी १२ जना आफन्त जेलमा रहेका थिए । जेलबाट बाहिर निस्किएपछि उनी फेरी राजनीतिमै सकृय भइन् । जेलमा छँदा शैलजा आचार्यको स्कुलिङ र गिरीजाप्रसाद कोइरालालगायतका नेताहरुको विचारबाट प्रभावित उनी अझ जिम्मेवार ढंगले अघि बढिन् । फलतः २०४३ सालमा पद्मकन्या क्याम्पसको स्ववियु अध्यक्ष निर्वाचित भइन् ।

बहुदलसँगै दलीय राजनीतिको विकास र पार्टीका संरचनाहरु निर्माण हुन थाले । कांग्रेसको गाविस, नगरपालिका, क्षेत्रिय समिति सबै गठन प्रकृया र विधानका सबै संरचनाहरुलाई संगठन गर्ने क्रममा मगंलादेवी सिंहले उनलाई नेपाल महिला संघ मकवानपुरको संस्थापक सभापति बनाएकी थिइन् । उनको राजनीतिक यात्रा अगाडी बढ्दै गर्दा २०४८ साल र २०५१ सालमा मकवानपुर जिल्लाको क्षेत्र नं. २ बाट दुई पटकसम्म संसदीय निर्वाचनमा कांग्रेसको तर्फबाट उम्मेदवारी दिए पनि दुबै पटक उनी पराजित भइन् । निर्वाचनमा पराजित भएपनि उनी सकृय रुपमा राजनीतिमा लागिरहिन् ।

# पालुङ जेसीज अध्यक्षमा खत्री निर्विरोध निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकास्थित पालुङ जेसीजको २१ औं वार्षिक साधारणसभाबाट जयराम खत्री अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका छन् ।

अध्यक्ष पदका उम्मेदवारहरु संगम कार्की, निरज रायमाझी र अनिता विष्ट ककस कार्यक्रममा सहभागी नभएपछि निर्वाचन आयुक्त मनोज रायमाझीले खत्री निर्वाचित भएको घोषणा गरेका हुन् । खत्रीले लगातार ४ वर्षदेखि अध्यक्ष पदमा उम्मेदवारी दिँदै आएका थिए । खत्री गत वर्ष भएको निर्वाचनमा पराजित भएका थिए ।




यसैगरी, २ कार्यकारिणी उपाध्यक्ष पदमा सुबिन्द्रमान प्रधान र सञ्जय गोपाली निर्वाचित भएका छन् । शनिबार भएको ककस कार्यक्रममा दिपा बल र माधव कार्की सहभागी नभएपछि प्रधान र गोपाली निर्वाचित भएको घोषणा गरिएको हो । यसैगरी, चार उपाध्यक्ष पदमा स्वदीप बस्नेत, सन्देश गोपाली, अञ्जय प्रधान र मानसिं दोङ् निर्वाचित भएका छन् । उपाध्यक्ष पदका उम्मेदवारहरु सत्यदेवी स्याङ्तान, कमल विष्ट, अनन्त ढकाल, अजय कार्की र अजित कार्की ककस कार्यक्रममा सहभागी नभएपछि सर्वसम्मत निर्वाचित भएका हुन् ।

कार्यक्रमको अवसरमा पूर्व अध्यक्ष सुरेन्द्रमान प्रधानले पालुङ जेसीजको ईतिहास केलाउदै संख्यात्मक रुपमा नभई गुणस्तर सदस्यहरुको वृद्धिमा ध्यान पुऱ्याउन आग्रह गरे । पूर्व अध्यक्षहरु सहदेव ढकाल, धर्मलाल प्रधान, शिवकुमार खत्री, बिजय अमात्य, प्रदिप प्रधान लगायतले शुभकामना मन्तव्य व्यक्त गरे । साधारण सभाले वर्ष २०२१ को आयव्यय प्रतिवेदन, महासचिव, कार्यकारिणी उपाध्यक्षहरु, उपाध्यक्षहरुले प्रस्तुत गरेका प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरिएको महासचिव संगम कार्कीले जानकारी दिए ।

पालुङ जेसीजको आतिथ्यतामा यसै वर्ष नेपाल जेसीजको क्षेत्रीय सम्मेलन सम्पन्न गरिसकेको छ ।

# 'बुद्धिपुराण' लोकार्पण

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरे साहित्यकार राजकुमार लामिछानेको दोस्रो कृति हास्यव्यङ्ग्य निबन्धसंग्रह बुद्धिपुराण लोकार्पण गरिएको छ ।

लामिछाने २०७४ 'पुतलाको पावर' ल्याएका थिए । शुक्रबार उनको हास्यव्यङ्ग्य निबन्ध संग्रह 'बुद्धिपुराण' लोकार्पण गरिएको हो । सिस्नुपानी नेपाल मकवानपुरको आयोजनामा साहित्य संगम मकवानपुरको सभाहलमा 'बुद्धिपुराण'को लोकार्पण गरिएको थियो ।

सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्षसमेत रहेका लामिछाने कानुन सेवाका कर्मचारी थिए । प्रेमकुमारीलाई पत्रदेखि दरको रहर गरी २० वटा शिर्षकमा लेखकले समाजका स्थिति, वेथिति र विकृति माथि व्यङ्ग्य प्रहार गरेका छन् ।

भैरव स्मृति सम्मान–२०७४ बाट सम्मानित लामिछाने गालीगलौज, अश्लीलता जस्ता दुर्गुणहरुबाट टाढा, वैयक्तिक कमी कमजोरीमाथि भन्दा प्रवृत्तिगत कमी कमजोरी माथि प्रहार गर्ने, हास्य-व्यङ्ग्यमा प्रयोग गरिने विविध शिल्पको प्रचुर प्रयोग भएका स्तरीय र रोचक पुस्तक रहेको साहित्यकार लक्ष्मण गाम्नागेको धारणा रहेको छ ।




# पालुङ सहकारीको कारोबार १ अर्ब १९ करोड

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको थाहा नगरपालिकामा मुख्य कार्यालय रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.ले गत आर्थिक वर्षमा १ अर्ब १९ करोड रुपैयाँको कारोबार गरेको छ ।

शनिबार सम्पन्न २२ औं वार्षिक साधारणसभामा कोषाध्यक्ष सानोकाजी गोपालीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन अनुसार १ अर्ब १९ करोड कारोवार रहेको छ । ७० करोड १२ लाख रुपैयाँ शेयर पूँजि रहेको संस्थाले गत आर्थिक वर्षमा ९५ करोड रुपैयाँ कर्जा लगानी गरेको छ ।

गत आर्थिक वर्षमा कर्जा लगानीमा २६.९७ प्रतिशतले वृद्धि भएको उल्लेख गर्दै आगामी बर्ष २० प्रतिशतले बृद्धि गरी १ अर्ब ७ करोड पुऱ्याउने लक्ष लिएको छ । संस्थाका अध्यक्ष पुरुषोत्तम कार्कीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम अनुसार शीतभण्डार निर्माण छिटो सक्ने, सहकारी बजार विकास कार्यक्रम, आलु बीउ विकास कार्यक्रम, हाइटेक नर्सरी, कोशेली घर, सहकारी पसल सेवा, सदस्य हित कोष कार्यक्रम, सहकारी साक्षरता कार्यक्रम, सिप विकास तालिम, गुणस्तरीय सेवा, पर्यटन विकास, सहकारीहरु बिच एकीकरण जस्ता कार्यक्रमहरु संचालन गरिने छ । साधारणसभाको स्वास्थ तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले उद्घाटन गरेका हुन् ।

## कर्मचारी आवश्यकता

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशिलः
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना


**तलब/सुबिधाः आपसी समझदारीमा तय गरिनेछ ।**

### होटल म्याक्स

हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
हामी तपाईंको घरदैलोमा पत्रिका पुऱ्याउने छौं ।



साझाकुरा

## हाम्रो कुरा

# नारा, नारामै सीमित

नेपालमा पछिल्लो निर्वाचन र त्यसयताका बहस आधारभूत पक्षबाट बरालिएर लोकप्रियतावादको फन्दामा फस्दै गएको छ । यतिवेला भने प्रधानमन्त्री केपी ओलीको लोकप्रियता यही विकासे बहसवरपर अल्झेको छ । स्वाभाविक रूपमा उनी आफैँले सिर्जना गरेको विकासका लागि या समृद्धिका लागि आफ्नो सरकार भन्ने नारा परीक्षणको घडी आएको छ । यति छिटै कुनै पनि सरकारले कुनै परिणाममुखी काम गर्न सक्दैन भन्ने सबैलाई थाहा छ । सबैको एउटै नारा रह्यो, समृद्धि र विकास । तर, यही नारालाई जसले सफलतापूर्वक बिक्री गर्‍यो, उसैले सरकारमा जाने र नेतृत्व गर्ने अवसर पायो । हरेक औपचारिक प्रजातन्त्रमा हुने यस्तै हो । पछिल्ला केही वर्षमा त राजनीतिलाई विचारधाराले भन्दा लोक रिझ्याइँवादले प्रभावित गरिरहेको छ । सामाजिक सञ्जाल र सहज सूचना तथा समाचार स्रोतको उपलब्धता बढ्दा हुने अनेक फाइदा छन्, तर यसको मुख्य प्रयोग भने लोकप्रियतावादले आफ्नो वर्चस्व स्थापित गर्न प्रयोग गरेको छ ।

तर, कामको छनक भने देखिनुपर्ने हो । पछिल्लो समय एकातिर वर्तमान सरकारका काम प्रभावकारी भएनन्, जनताले कामको थालनी सकारात्मक भएको अनुभूत गर्न सकेनन् भन्ने कोणबाट बहस चलिरहेको छ भने अर्कातिर स्वयं सरकार आफ्ना प्राथमिकतामा अलमलमा परेको जस्तो देखिन थालेको भन्ने तर्क सुस्तसुस्त उठेको छ । जनताको दैनिक समस्यासँग स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारले राख्ने सरोकारका विषय प्रस्ट पार्ने र जहाँ समस्या छन्, त्यहाँका जनतासँग सीधा स्थानीय तहले र स्थानीय तहमार्फत प्रदेश र केन्द्र सरकारले संवाद गर्ने र समस्या समाधानका उपाय जनताकै सहभागितामा पत्ता लगाई समाधान खोज्न थाल्ने हो भने विकास र समृद्धिको नारा जनताका समस्यासँग जोडिन्छ । तब मात्र विकासे बहसले सार्थकता पाउँछ । रेल या पानीजहाज पनि चाहिएलान्, ल्याउनुपर्ला, राजमार्गहरू बनाउनुपर्ला, कुनै समयमा मुलुकको अर्थतन्त्रले धाने मोनोरेल र मेट्रोरेल पनि चाहिएला, तर यस्तो बृहत्तर विकास परियोजनाअघि नागरिकका दैनिक समस्यासँग एकाकार हुने सरकारको उपस्थिति आवश्यक छ । विकासको वितरण त्यसरी नै हुने हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २७ गते सोमबार १३ डिसेम्बर २०२१ । मार्ग कृष्ण दशमी । थिंलाथ्व दशमी ११४१ । सूर्योदय ६:४५ र सूर्यास्त ५:१० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तजन भेट | तुला | : अध्ययनमा बाधा |
| वृष | : भित्रजन भेट | वृश्चिक | : धन प्राप्ति |
| मिथुन | : प्रेममा सफलता | धनु | : शत्रुबाट मुक्त |
| कर्कट | : शुभ कार्यको थालनी | मकर | : धन नष्ट |
| सिंह | : सुख प्राप्ति | कुम्भ | : मिष्ठान्न भोजन |
| कन्या | : यात्राको योग | मीन | : आलश्यता |

# मंसिर, महाधिवेशन र मुद्दा



देवेश झा

" नेपाली काँग्रेसको संसदीय प्रजातन्त्र, एमालेको लोकतान्त्रिक व्यवस्था, माओवादीको गणतन्त्र र मधेसकेन्द्रित दलहरूले उठान गरेको संघीयताबारे वर्तमान संविधानमार्फत सम्बोधन भइसकेको छ । "

यो वर्षको मंसिर देशका प्रमुख र ाजनीतिक दलहरूलाई महाधिवेशन सम्पन्न गर्ने महिना बनेको छ । यस क्रममा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो महाधिवेशन सम्पन्न गरिसकेका छन् भने नेपाली काँग्रेस र माओवादी केन्द्रको प्रक्रिया जारी छ । एमालेको महाधिवेशनमार्फत अध्यक्ष पदमा केपी ओली पुनर्स्थापित भएका छन् ।

यता राप्रपाका महाधिवेशन प्रतिनिधिहरूले लगभग डेढ दशकदेखि निरन्तर पार्टी अध्यक्ष रहेका कमल थापालाई विश्राम दिँदै राजेन्द्र लिङ्देनलाई विजयी बनाएका छन् । राप्रपा अध्यक्षमा लिङदेन निर्वाचित भएपछि सोबारे टिप्पणी आउने क्रम जारी छ । निवर्तमान अध्यक्ष कमल थापाले आफ्नो पराजयबारे पूर्वराजा ज्ञानेन्द्रलाई आक्षेप लगाउँदै तीव्र प्रतिक्रिया जनाएका छन् । राजतन्त्र पुनर्स्थापित भए राजसंस्था तटस्थ बस्नुपर्ने भूमिका सन्देहास्पद बनेको बताउँदै थापाले आक्रोश व्यक्त गरेका छन् । उनको यस प्रकारका अभिव्यक्तिहरूलाई कतिपयले पराजयपछिको असन्तुलित मानसिक अवस्था भनेर टिप्पणी गरेका छन् ।

यता नवनिर्वाचित पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले पदबहाली गर्दा हिन्द राष्ट्रको मुद्दालाई जोडदार ढंगले अगाडि बढाउने अभिव्यक्ति दिएका छन् । राप्रपाभन्दा केही पहिले मात्र सम्पन्न भएको एमाले महाधिवेशनले लगभग पुरानै अनुहारलाई फेरि पनि नेतृत्व तहमा पुनर्स्थापित गरेको छ । पार्टी नेता भीम रावलद्वारा अध्यक्ष पदको उम्मेदवारी फिर्ता नलिएकाले एमाले सुप्रीमो ओलीको सर्वसम्मत हुने इच्छा पुरा हुन सकेन । ठूलो जमघट र तामझामसहित यथास्थितिको पुनरावृत्ति गर्दै सम्पन्न भएको एमाले महाधिवेशनबारे सामाजिक सञ्जाल लगायत अन्य सञ्चार माध्यमले कर्मकाण्डी प्रक्रिया बताउँदै टिप्पणी गरिएको देखिन्छ । यी दुवै दलको महाधिवेशनमार्फत प्राप्त सन्देशबारे राजनीतिक प्रतिक्रिया व्यक्त भइरहेको देखिन्छ । विशेष रुपमा गठबन्धन सरकारका दलहरूको तर्फबाट कडा टिप्पणी गरिएको पाइन्छ । राष्ट्रिय जनमोर्चाले नेपालको गणतन्त्र र धर्मनिरपेक्षताविरुद्ध भारतको भाजपा सरकार, नेकपा एमाले, राप्रपा र पूर्वराजा समेतको बीचमा अघोषित गठबन्धन भएको आरोप लगाएको छ । पार्टी अध्यक्ष चित्रबहादुर केसीले एक विज्ञप्ति जारी गर्दै गणतन्त्र र धर्मनिरपेक्षतामाथि प्रतिगमनको खतरा देखिएको बताएका हुन् ।

यसैगरी नेकपा (एकिकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले एमाले र राप्रपा मिल्न सक्ने प्रतिक्रिया दिएका छन् । नेकपा मसालका महासचिव मोहनविक्रम सिंहले गणतन्त्र र धर्म निरपेक्षता धरापमा पर्नसक्छ भनेर टिप्पणी गरेका छन् । यता नेपाली काँग्रेसको महाधिवेशन हुने क्रममा अहिलेसम्म पार्टी अध्यक्ष शेरबहादुर देउवासँग प्रतिस्पर्धा गर्न सक्ने व्यक्ति छनौट बाहेक अन्य मुद्दा चर्चाको विषय बन्न सकेको छैन । सतहमा नदेखिए पनि काँग्रेसभित्रको हिन्दुत्व समर्थकहरूले पछिल्लो महाधिवेशनमा उठान गरेको मुद्दालाई सम्बोधन गराउन पार्टी पंक्तिलाई दबाब दिने तयारी गर्न लागेको देखिन्छ ।

स्मरणीय रहोस्, नेपाललाई पुन: हिन्दु राष्ट्र कायम गर्नुपर्ने प्रस्ताव गत महाधिवेशनमा लगभग आधाभन्दा बढी प्रतिनिधिद्वारा ल्याउन खोजिएको थियो । समकालीन राष्ट्रिय राजनीतिका प्रमुख दलहरूलाई मुद्दाविहीन परिस्थिति व्यहोर्नुपरेको छ । नेपाली काँग्रेसको संसदीय प्रजातन्त्र, एमालेको लोकतान्त्रिक व्यवस्था, माओवादीको गणतन्त्र र मधेसकेन्द्रित दलहरूले उठान गरेको संघीयताबारे वर्तमान संविधानमार्फत सम्बोधन भइसकेको छ । मधेसको हकमा प्रादेशिक सीमाको निर्धारणसम्बन्धी असन्तुष्टि मात्र बाकीँ रहेको देखिन्छ । त्यसैले देशको वर्तमान राजनीति विचार र दृष्टिकोणको अभावबाट ग्रसित छ । नेतृत्व तहद्वारा सैद्धान्तिक बहसलाई दलहरूको भन्दा पनि व्यक्तिगत आक्षेपतर्फ मोडिएको छ ।

२०६३ सालको जनआन्दोलनपछि तत्कालीन एमाले बराबरको प्रतिनिधित्व प्राप्त गर्ने माओवादी सहितको पुनर्स्थापित प्रतिनिधिसभाबाट अन्तरिम संविधानमार्फत प्रवेश गराइएको धर्मनिरपेक्षता अझै पनि आम जनताबाट स्वीकृत हुन सकेको छैन र यही वर्तमान समयमा राष्ट्रिय राजनीतिक मुद्दा हो । जनताको माग नभए पनि अति अग्रगमनकारी देखिन छद्म बाटोबाट प्रवेश गराइएको धर्मनिरपेक्षता अहिले निल्नु न ओकल्नु हुन पुगेको छ । संविधानमा समावेश गराइए पनि स्वामित्व सम्म स्वीकार गर्न असहज महसुस गराउने यसबाट मुक्त हुन नेतृत्व तहले आफ्ना निकटको नेताहरुमार्फत विषय प्रवेश गराउन प्रयासरत रहेको देखिन्छ ।

यस क्रममा एमाले नेता तथा अध्यक्ष केपी ओली नजिक मानिएका पूर्वमन्त्री गोकुल बास्कोटाद्वारा धर्मनिरपेक्षता विवादित विषय रहेको स्वीकार्नु र स्वयम् ओलीद्वारा आफ्नो सरकार हुँदा हिन्दुत्वसँग जोडिएका कार्यक्रम सञ्चालन गर्नुले पनि मुद्दालाई सार्थक बनाउँछ । राप्रपाको अध्यक्ष परिवर्तन वास्तवमा हिन्दुत्वबारेको विवाद नभई कार्यान्वयन पक्षप्रति देखिएको असहमतिको परिणाम हो । यहाँसम्म कि, माधवकुमार नेपालले पनि राष्ट्रिय एकताका लागि हिन्दु धर्म अपरिहार्य रहेको बताएका छन् ।

प्रष्ट देख्न सकिन्छ कि, देशभित्र राष्ट्रिय राजनीतिलाई ुवीकरण गराउन सक्ने अबको मुद्दा हिन्दु राष्ट्र हो । त्यसैले सबैभन्दा ठूलो तथा पुरानो दल नेपाली काँग्रेस यसबाट पन्छिन मिल्दैन । कतिपयको बुझाइमा हिन्दुत्वको एजेन्डा आयातित विषय हो । यस तर्कको आधार भनेको हाल भारतमा हिन्दुत्व समर्थक दल भारतीय जनता पार्टीको सरकार हुनु हो ।

जबकि, नेपाल पहिलेदेखि हिन्दू राष्ट्र रहेको र धर्मनिरपेक्षतालाई आयात गरिएको कुरा यथार्थ हो । एमालेभित्र रहेका 'होली वाइन' पक्षधरहरुको बहिर्गमनका कारण समग्र पार्टी हिन्दुत्व समर्थक हुनसक्ने सम्भावना बढ्नु र राप्रपाका छद्म हिन्दुवादी पक्षको पराजयबाट आत्तिएकालाई नेपाली काँग्रेसको महाधिवेशनमा हिन्दु मुद्दालाई जोडदार ढंगले उठान हुने सम्भावनाले विचलित बनाएको देखिन्छ । तर आम जनताको भावना बुझेर नेपालको एकमात्र विशिष्ट पहिचानलाई कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु देशको नेतृत्वकर्ता दल र त्यसका नेताहरुको दायित्व हो । नेता विशेषको नाम तोकेर कटाक्ष र कटुतापूर्ण टिप्पणी गर्नु नै अहिलेको राजनीतिक एजेन्डा बन्न पुगेको देखिन्छ जसको कुनै अर्थ छैन । विगत तीस वर्षदेखि सत्ता सञ्चालन गर्दै आएका नेताहरु यतिखेर विचार शून्य देखिन्छन् । नेपाल अहिले आमनिर्वाचनको दिशातर्फ उन्मुख छ । प्रमुख दलहरूको महाधिवेशन सम्पन्न हुनासाथ शीघ्र निर्वाचन लक्षित विषय चर्चित हुन्छन् र ढिलो चाँडो यसलाई स्वीकार गर्नुको विकल्प रहने छैन । राष्ट्रिय राजनीतिमा कुनै एउटा मुद्दालाई बहसको विषय बनाउनुपर्छ र यसपटक सो विषय धर्मनिरपेक्षतालाई विसर्जित गरिनुपर्ने हुनेछ ।

नेता विशेषको नाम तोकेर कटाक्ष र कटुतापूर्ण टिप्पणी गर्नु नै अहिलेको राजनीतिक एजेन्डा बन्न पुगेको देखिन्छ जसको कुनै अर्थ छैन । विगत तीस वर्षदेखि सत्ता सञ्चालन गर्दै आएका नेताहरु यतिखेर विचार शून्य देखिन्छन् । उठान भएका मुद्दाहरू स्थापित भइसकेको र नयाँ विषय खोज्न नसकेकाले यो परिस्थिति सिर्जित भएको हो ।

तत्कालका लागि समग्र रुपमा अन्य कुनै मुद्दा छैन । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिलाई मुद्दा बनाउने कोशिश गरिए पनि सोबारे जनचासो छैन । किनभने कुनै एकल दलले बहुमत प्राप्त गरेर राष्ट्रपति बनाउन सक्ने अवस्था समकालीन राजनीतिमा सम्भव छैन र मिलेर बनाउँदा फेरि भागबण्डाको पुनरावृत्ति मात्र हुनेछ । जसको कुनै परिणाम छैन ।

अर्थहीन बहसको कुनै महत्व हुँदैन तर राष्ट्रिय स्तरमा मुद्दा त चाहिन्छ नै र त्यो भनेको हिन्दु राष्ट्र नै हो । तत्कालका लागि प्रमुख दलका नेताहरूले खुलेआम बोल्न नसके पनि सांकेतिक प्रदर्शन गर्ने गरेको देखिन्छ । निजी निवास बुढानीलकण्ठमा प्रधानमन्त्रीद्वारा आयोजित हवन होस्, आराध्यदेव भगवान पशुपतिनाथमा तत्कालीन प्रधानमन्त्री केपी ओलीको निर्देशनमा चढाइएको सुनको जलहरी होस् या मधेस भ्रमणमा गेरुवा वस्त्र धारण गर्ने जसपा अध्यक्ष उपेन्द्र यादव हुन्, यी सबै कार्यक्रमको उद्देश्य जनतामाझ हिन्दुत्वप्रति आफ्नो सहमति प्रदर्शित गर्ने प्रयास नै हो ।

प्रष्ट रुपमा भन्ने हो भने हिन्दु राष्ट्रबारे ध्रुवीकरण प्रारम्भ भइसकेको छ र यही मुद्दालाई दलहरूले महाधिवेशनमार्फत सम्बोधन गर्नुपर्छ । हिन्दुत्वप्रतिको स्पष्ट अवधारणाले राप्रपाको महाधिवेशनलाई चर्चित बनाएको छ तर खुलेर बोल्न असहज महसुस गर्दा एमालेजस्तो ठूलो दलको महाधिवेशनलाई कर्मकाण्ड भनी आलोचित हुनुपरेको उदाहरण छँदैछ । त्यसैले यसपटकको महाधिवेशन मार्फत नेपाली कांग्रेसले हिन्दु राष्ट्रप्रतिको जनभावनालाई सम्बोधन गर्नुपर्छ । यस विषयमा कुनै प्रकारको छलकपटले राप्रपा महाधिवेशन जस्तै अप्रत्याशित परिणाम दिनसक्छ । - साभार: खबरहब

# कोभिडअघि र पछिको इन्धन मूल्य समायोजन



डा. सुमनकुमार रेग्मी

### विगतका इन्धनका गाथा

मंसिर २, २०७८ मा १ सय ३६ रुपैयाँ प्रतिलिटर पुग्न गएको छ । तर, २०७८ मंसिर १८ मा भारतले इन्धनको मूल्य घटाएर पठाएको छ । भारतले इन्धनको मूल्य घटाए पनि निगमले घाटा घटेको छैन भन्दै नेपालमा इन्धनको मूल्य नघट्ने बताइन्छ । यसरी २०७८ मार्गमा भारतले पठाएको घटेको मूल्यसूची नेपालमा लागू नगरी नेपालमा इन्धनको मूल्य नघटाउने बताइन्छ । बिक्री-वितरणका आधारमा १५ दिनमा पेट्रोलमा मात्र रु. ३२ करोड बढी र डिजेलमा रु. ५० करोड बढी रुपैयाँ घाटा छ भनिन्छ ।

कोरोना महामारीपछिको १९ महिनामा पेट्रोल पदार्थको मूल्य २१ पटक बढेको छ । नेपालमा २०७८ को कात्तिकको दोस्रो हप्तामा पेट्रोलको भाउ रु. १ सय ३३ मा समायोजन भएको थियो । योभन्दा अघि पेट्रोल प्रतिलिटर रु. १ सय ३० थियो । निगमले अर्थात् आईओसीले कात्तिक ७ मा रक्सौलबाट प्रतिलिटर पेट्रोल रु. ७६ भन्दा घटीमा खरिद गरी नेपाली रु. १ सय ३६ मा नेपालमा पेट्रोल बिक्री गर्दै आएको अवस्था थियो । भारतीय आयल निगमले १६ अक्टुबर २०२१ मा पठाएको मूल्यसूचीअनुसार १५ दिनमा सबै पेट्रोलियम पदार्थमा रु. २ अर्ब २२ करोड घाटा हुने गरी प्रक्षेपण गरिएको भनाइ थियो ।

हालका वर्षमा अर्थात् २०७८ सालमा पेट्रोलियम पदार्थका व्यापारमा भएका व्यापारघाटा नियन्त्रण गर्न मुख्य तीनवटा विकल्प अगाडि सारिएको छ । ती तीन विकल्पमा पहिलोमा कि त इन्धनको मूल्य बढाउनुपर्छ, नभए कर घटाउनुपर्छ । नत्रभने अर्थमन्त्रालयले निगमको घाटा पूर्ति गर्नुपर्छ । २०७१ असोजमा खडा गरिएको मूल्य स्थिरीकरण कोषमार्फत बिक्री मूल्यमा निगमले १ प्रतिशतका दरले रकम संकलन गर्दै आएको छ । उक्त कोषमा ११ अर्ब रुपैयाँ जम्मा रहेको छ, तर अहिले २०७८ असोजमा नोक्सानलाई कोषको रकमले पनि धेरै महिना धान्न सक्दैन ।

त्यसैले सबैभन्दा असल उपाय त करको दायरा घटाउनु रहेको छ । निगमले चालू वर्षको कात्तिकतिर ७८ अर्ब रुपैयाँ संकलन गरिदिएको छ भनिन्छ, उक्त रकम भन्सार बिन्दुबाट अर्थमन्त्रालयको कोषमा दाखिला हुने गरेको छ । बाह्य बजारमा २०७८ भदौमा प्रतिब्यारेल ७४ डलर रहेको इन्धनको मूल्य २०७८ असोजतिर बढेर ८६ डलर पुगेको देखिन्छ । तर, नेपाली बजारमा भदौ २०७८ मा तीन पटक मूल्य समायोजन हुनुपर्नेमा एकचोटि पनि भएन । कोरोना-२०१९ को सुरुको केही महिनापछि प्रतिब्यारेल ४२ डलरमा घटी कोरोनाको अवधिमा नै पहिले पुगेको उच्च बिन्दुमा भन्दा घटेर ६२ डलरमा पुगी २ वर्षपछि त ६२ डलरभन्दा माथीमाथी गयो । तर, नेपाली बजारमा २०७८ असोज दोस्रो हप्तामा प्रतिलिटर रु. १ सय ३६ हुन पुग्यो । नेपाल आयल निगमका विगतमा धेरैजसो अवधिमा निरन्तर घाटा हुँदै आएको थियो र छ । यस्तो अवस्थामा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र वाणिज्य बैंकसँग पटकपटक ३६ अर्ब ८६ करोड रुपैयाँ ऋण लिएको थियो । २०७१ असोज १३ गतेबाट स्वचालित मूल्य प्रणाली लागू भएपछि निगम पुन: नाफामा गए पनि ऋण चुक्ता गर्ने अवस्था आयो र गयो ।

तर, पछिल्लो समय स्वचालित मूल्य पूर्ण रूपमा कार्यान्वयन नहुँदा २०७८ कात्तिकमा पुन: घाटा चुलिँदै गएको अवस्था छ । निगमले २०६८/०६९ देखि घाटामा गएर ऋण लिई इन्धन आपूर्ति गरेको थियो । यस बेलादेखि निरन्तर घाटामा बितेको थियो । २०६५/०६६ सालमा भने निगममा नाफामा ३ अर्ब ११ करोड रुपैयाँ थियो । पटकपटक आईओसीले पठाएको मूल्यसूचीअनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि भइरहेको छ । खरिद मूल्यमा अत्यधिक कर जोडिँदा सर्वसाधारण मर्कामा परिरहेका छन् ।

निगम पनि नोक्सानमा छ । निगमले इन्धनमा प्रशासनिक खर्च र बिमाबापतको प्रतिलिटर करिब ७० पैसा लिने गरेको छ । निकै कम प्रशासनिक खर्चमा कारोबार गरिने बताइन्छ । भारतमा आईओसीले प्रशासनिक खर्च लिटरमै २ रुपैयाँ लिने गरेको छ । कर, निगमको प्रशासनिक खर्च, प्राविधिज्ञ नोक्सानी प्रतिलिटर १ रुपैयाँ ७ पैसा, ह्रास खर्च १२ पैसा, ढुवानी भाडा लिटरमा ५ रुपैयाँ १ पैसा, विक्रेता पम्पको खर्च ५ रुपैयाँ ५२ पैसासहित १ लिटर पेट्रोलको कुल लागत १ सय ५३ रुपैयाँ ५८ पैसा रहेको बताइन्छ । २०७८ मंसिर ७ मा पेट्रोलियम पदार्थमा धेरै कर पनि थप्दै आएको अवस्था रहँदै आएको छ । केही वर्षअगाडि पेट्रोल र डिजेलमा प्रतिलिटर रु. १०-१० कर बढाएको थियो । जहिले पनि पछिल्लो पटक समायोजनको नाममा भनी इन्धनको मूल्य अन्धाधुन्ध रूपमा बढ्दै गएको छ । २०७८ भदौ, असोज र कात्तिकमा इन्धनको मूल्य स्थिरजस्तो देखिएको थियो । कुनै बेला आन्तरिक बजारमा मूल्य कम हुँदाको नाफाको केही अंशबाट मूल्य स्थिरीकरण अर्थात् स्टाबिलाइजेसन कोष खडा गरी आन्तरिक बजारमा मूल्य अंश कायम गरी उपभोक्तालाई राहत दिने प्रबन्धबाट लागत मूल्यभन्दा सस्तो इन्धनको बिक्री गर्दै आएको थियो ।

### सुधारका सुझाव

सधैंभरि महँगोमा किनेर सस्तोमा बेच्ने भन्दै इन्धनको मूल्य बढ्दै आएको देखिन्छ । निगमलाई २०७८ मंसिर आउँदा दैनिक रु. १ करोडभन्दा बढी निगमको घाटा भएको कहानी गाथा रहेको छ । भनिन्छ कि यस्तै गरी नोक्सानी बढ्दै जाने हो भने दुई-तीन महिनापछि त ऋण लिएर इन्धन आपूर्ति गर्नुपर्ने कहानी गाथा रहेको छ । आन्तरिक बजारमा मूल्य बढ्दै गएको छ । निगमको अगस्ट १६ मा रु. ९६ करोड ९ लाख, सेप्टेम्बर १ मा ८१ करोड, सेप्टेम्बर १६ मा १ अर्ब बढी, अक्टुबर १ मा १ अर्ब बढी, अक्टुबर १६ अर्ब बढीको निगमले घाटा बेहोर्दै आएको कहानी गुथिएको छ । यसरी लामो समयसम्म निगमले थेग्न नसक्ने बताएको छ ।

निगमका अनुसार इन्धनको बजार मूल्य नेपाल र भारतको स्थानीय बजारमा समायोजित पछिल्लो मूल्य स्थितिअनुसार भारतीय सीमा बजार रक्सौलको तुलनामा नेपाली सीमा बजार वीरगन्जमा पेट्रोल प्रतिलिटर रु. ३७.४२ सस्तो, डिजेल रु. ३०.०४ सस्तो र अरू इन्धन पनि सस्तो रहेको छ । हालका वर्षमा अर्थात् २०७८ सालमा पेट्रोलियम पदार्थको व्यापारमा भएका व्यापार घाटा नियन्त्रण गर्न मुख्य तीनवटा विकल्प अगाडि सारिएको छ । ती तीन विकल्पमा पहिलोमा कि त इन्धनको मूल्य बढाउनुपर्छ, नभए कर घटाउनुपर्छ ।

नत्रभने अर्थमन्त्रालयले निगमको घाटा पूर्ति गर्नुपर्छ । २०७१ असोजमा खडा गरिएको मूल्य स्थिरीकरण कोषमार्फत बिक्री मूल्यमा निगमले १ प्रतिशतका दरले रकम संकलन गर्दै आएको छ । उक्त कोषमा ११ अर्ब रुपैयाँ जम्मा रहेको छ, तर अहिले २०७८ असोजमा नोक्सानलाई कोषको रकमले पनि धेरै महिना धान्न सक्दैन । त्यसैले सबैभन्दा असल उपाय त करको दायरा घटाउनु रहेको छ । निगमले चालू वर्षको कात्तिकतिर ७८ अर्ब रुपैयाँ संकलन गरिदिएको छ भनिन्छ । उक्त रकम भन्सार बिन्दुबाट अर्थमन्त्रालयको कोषमा दाखिला हुने गरेको छ ।

### बाह्य बजार

अक्टुबर २०२१ मा बाह्य बजारमा कच्चा तेलको मूल्य ८० डलर प्रतिब्यारेलको हाराहारीमा थियो । बाह्य बजारमा कच्चा तेलको मूल्य बढेसँगै निगमको घाटा पनि बढ्दै गएको बताइन्छ । कुनै बेला नेपालमा मूल्य समायोजन गर्दा बाह्य बजारमा मूल्य केही घटेको थियो । बाह्य बजारमा मूल्य घटे पनि नेपाली बजारमा मूल्य बढेको भन्दै त्यति बेला निगमको आलोचना भएको थियो । यद्यपि त्यो समायोजनले निगमको नोक्सान पाक्षिक रु. १ अर्ब पनि पुगेको थिएन ।

तर, भारतीय आयल निगमले त्यसपछि पटकपटक मूल्य बढाएर मूल्यसूची पठाएको थियो । सेप्टेम्बर र अक्टुबरमा पठाएको सूचीका आधारमा सबै प्रकारका इन्धनको मूल्य बढेको थियो । निरन्तरको आयल निगमको नोक्सानीले वित्तीय अवस्था धाराशायी हुँदै गएको बताइन्छ । बाह्य बजारमा मूल्य र आन्तरिक कर तथा लागतले निगमको लागत मूल्य बढ्दै गएको छ । तर, लागत मूल्यभन्दा कम मूल्यमा इन्धन बेच्नुपर्दा नोक्सानी बढ्दै गएको अवस्था थियो र छ । यस्तो अवस्थाले नोक्सानी बढ्दै जाने भए निगम वित्तीय रूपमा धाराशायी हुँदै जानेछ ।

त्यसैले पनि निगमले मूल्य समायोजनका नाममा मूल्य बढाउँदै जाने अख्तियार गर्दै आएको छ । सेप्टेम्बर १५ देखि अक्टुबर १५, २०२१ बीचमा कच्चा तेलको मूल्य बाह्य बजारमा प्रतिब्यारेल अर्थात् करिब १ सय ५९ लिटरको १० डलर २२ सेन्टले बढेको थियो । अक्टुबरको हाराहारीमा एक ब्यारेलको ८४.८६ डलर परेको थियो । कोरोना-२०१९ को महामारीमा डिसेम्बर २०१९ अर्थात् २०७६ चैतदेखि सुरु भएको बाह्य बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल ३१.०२ अमेरिकी डलरमा खसेको थियो भने त्यसको एक वर्षपछि डिसेम्बर २०१९ देखि डिसेम्बर २०२० पु:न कच्चा तेलको मूल्य क्रमश: पहिलेको अवस्थामा फर्कंदै उकालो लागेको थियो ।

कोभिडको महामारीमा घटेको कच्चा तेलको मूल्य पु:न एक वर्षपछि सन् २०२१ को मार्चमा आइपुग्दा ६२.७० डलर पुगेको थियो । त्यसपश्चात् पनि बाह्य बजारमा कच्चा तेलको मूल्य क्रमश: उकालो लागिरहेको छ । भारतीय आयल निगमबाट नेपाल आयल निगमले खरिद गर्दै आएको इन्धनको मूल्य बेलाबेलामा बढ्दै आएको जनाउँदै आएको छ ।

- साभार: कारोबारडेली

शेयर बजार

# वर्षकै न्यून बिन्दुमा नेप्से, किन्ने अवसर कि वियरिस ट्रेण्ड ?




काठमाडौँ (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकले गत भदौ ३ गते तीन हजार दुई सयभन्दा माथि पुगेर हालसम्मकै उच्च बिन्दु बनाएको थियो । त्यसको अघिल्लो दिन बजार तीन हजार १९९ दशमलव शून्य तीन बिन्दुमा पुगेर कारोबार बन्द भएको थियो ।

त्यसयता शेयर बजार निरन्तर घट्दो क्रममा छ । नेप्से घट्दै बिहीबार दुई हजार ४४९ दशमलव ९७ बिन्दुमा कारोबार बन्द भएको छ । नेपाल स्टक एक्सचेञ्जको तथ्यांकानुसार कारोबार मापक नेप्सेका साथै कारोबार रकम पनि निरन्तर ओरालो लागेको देखिन्छ । चालू आवको पहिलो कारोबार दिन साउन ३ गते दुई हजार ९८० दशमलव ६१ बिन्दुमा बन्द भएको कारोबार भदौ पहिलो साता उच्च बिन्दु छोएर निरन्तर घटिरहेको छ ।

उच्च बिन्दुबाट बजार २३ प्रतिशतभन्दा बढीले घट्दा लगानीकर्ताको १० खर्ब बढीको सम्पत्ति गुमेको छ । नेप्से परिसूचक उच्चतम हुँदा ४४ खर्ब ६८ अर्बको बजार पुँजीकरण बिहीबारको कारोबार पछि ३४ खर्ब ४४ अर्बमा खुम्चिएको छ । परिसूचक घटेसँगै कारोबार रकममा समेत गिरावट आएको देखिन्छ । गत साउन ३१ गते दैनिक कारोबार रकम २१ अर्ब भन्दा बढी भएकामा बिहीबार दुई अर्ब ६७ करोडमा सिमित हुन पुगेको छ ।

शेयर बजारमा नेप्सेका साथै कारोबार घट्दा लगानीकर्तामा निरासा छाएको छ । अझ नयाँ लगानिकर्ता अन्योलमा रहेको देखिन्छ । साना लगानीकर्ता बजारमा त्यति खुल्ल सकेका छैनन् । बजार निरन्तर घट्न थालेपछि लगानी नै डुब्ने चिन्तामा उनीहरु रहेको देखिन्छ । नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)को प्राथमिक शेयरबाट आइपिओ भर्न सुरु गरेका भक्तपुरका माधव ढकाल साथीको सहयोगमा दोस्रो बजारमा छिरेका थिए । "सुरुमा राम्रै कमाइ भयो, कमाइ देखेर सापटी मागेर अरु रकम यसमा लगाएँ अहिले घाटामा छु, बेच्न नि घाटा छ, सस्तोमा किन्न पैसा छैन", उनी भन्छन् । त्यस्तै शेयर बजारका बादशाह भनेर चिनिने लगानिकर्ता निर्मल प्रधान बजार घटबढ हुनु स्वभाविक भएको र बुझेर लगानी गर्न सुझाव दिन्छन् । आम लगानीकर्ता बजार घट्दा आत्तिने र बढ्दा मात्तिने गर्छन् जुन सही होइन, बजार केही समय घट्छ र पछि बढ्छ पनि त्यसैले धैर्यता आवश्यक हुने बताउँदै सरकार र नियामक निकाय पनि शेयर बजारको दिगो विकास तथा विस्तारमा संवेदनशील हुन जरुरी रहेको धारणा राख्छन् ।

नेपालको पूँजीबजारमा तरलताले विशेष प्रभाव पारेको देखिन्छ । बैंकिङ प्रणालीमा तरलताको चाप पर्दा बजार घट्ने गरेको देखिन्छ । "जब बैंकमा तरलता बढी हुन्छ, उनीहरु सस्तो ब्याजदरमा शेयर कर्जा दिन थाल्दछन्, ठूला लगानीकर्ता त्यसको प्रयोग गर्छन्, जसले कारोबार बढी हुन्छ र बजार बढ्छ, तर जब तरलता संकट आउँछ उनीहरु निक्षेप बढाउन ब्याजदर बढाउने र कर्जा दिन नसक्ने अवस्थामा पुग्छन् तब शेयर कारोबार घट्ने गरेको छ", प्रधान अनुभव सुनाउँछन् ।

**साना लगानीकर्ता डरमा, ठूला पर्ख र हेरको अवस्थामा**

सिडिएस एण्ड क्लियरिङका अनुसार धितोपत्र कारोबार गर्न आवश्यक डिम्याट खाता खोल्नेको संख्या ४७ लाख नाघिसकेको छ भने मेरो शेयर प्रयोगकर्ता ३८ लाखभन्दा बढी छन् । सत्तचालीस लाख लगानिकर्तामध्ये संख्याका आधारमा साना लगानीकर्ताको अत्याधिक बृद्धि भएको देखिन्छ । गएको एक वर्षको अवधिमा चिया पसलदेखि कार्यालयको बैठकको समयमा समेत पूँजीबजारका बारेमा बहस चल्न थालेको अवस्था छ । शेयर बजार स्वतन्त्ररुपमा माग र पूर्तिका आधारमा चल्नुपर्नेमा लगानीकर्ता संरक्षण चौधरी जोड दिन्छन् । हाल गृहणी र महिला लगानिकर्ताको संख्यासमेत बढेको छ, सानोसानो पूँजी जम्मा भएर नै दैनिक कारोबार करिब २२ अर्ब पुगेको थियो । त्यस्ता साना र नयाँ शेयर लगानीकर्ताको लगानीको सुरक्षामा सरकार तथा नियामक विशेषरुपमा सजग हुनुपर्ने चौधरीको भनाइ छ ।

घटेको बजारमा साना र त्यसमाथि नयाँ लगानीकर्ताको सम्पत्ति घट्दै जाँदा उनीहरुमा डर देखिएको स्वयं लगानिकर्ता स्वीकार्छन् । यस्तोमा बजार घट्नेमात्र नभई राम्रा प्रतिफल दिने कम्पनीमा गरेको लगानीमा डराउन नहुने र शेयर बजारमा लगानी गर्दा धैर्यता राख्नुपर्नेमा लगानीकर्ता छोटेलाल रौनियारको जोड छ ।

"बजार विस्तार भएको छ, कारोबार प्रविधिमैत्री हुँदैछ, डिम्याट र मेरो शेयरका साथै शेयर कारोबार गर्न टिएमएसको प्रयोगकर्ता दिनदिनै बढेको अवस्था छ, यसले बजारमा सकारात्मक प्रभाव पारेको र अझ यसको विकास तथा दिगोपनाका लागि नियामकले लगानिकर्ताको हितलाई ध्यान दिएर नीति बनाएर बजारको नियमन गर्ने वातावरण बने बजारको भविष्य राम्रो रहेको छ", शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा रौनियारले आफ्ना धारणा राखे । उनले बजारमा राम्रो सम्भावना रहेको र पूँजी बजारको विकास तथा विस्तारमा सबै लगानिकर्ता एकजुट भएर बजार अनुकूल हुँदा आवेशमा नआउन र प्रतिकूल हुँदा धैर्यता अपनाउन आवश्यक हुने बताए ।

**जुट्दै लगानीकर्ता संघ**

नेपालको पूँजी बजार जब घट्न थाल्छ, तब शेयर बजार सुधार गर्ने नाममा विभिन्न कार्यक्रमसहित लगानिकर्ता मिलेर संघ खोल्दै आन्दोलन गर्ने गरेका छन् । छोटो समयमा नै यस्ता संघ धेरै बनेको अवस्थामा पछिल्लो समय सबै मिलेर अगाडि बढ्ने भन्दै जुट्न थालेको देखिन्छ ।

शुक्रबार आयोजित 'पूँजी बजारको संकट र समाधानको सूत्र' नामक छलफल कार्यक्रममा अग्रज लगानीकर्ताका साथै सबै संगठनका पदाधिकारीले पनि मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा अग्रज शेयर लगानीकर्ता निर्मल प्रधान, छोटेलाल रौनियार, अम्बिकाप्रसाद पौडेल, शेयर लगानीकर्ता दबाब समूहका अध्यक्ष हरि ढकाल, पूँजी बजार लगानीकर्ता संघकी अध्यक्ष राधा पोखरेल, स्वतन्त्र पूँजी बजार लगानीकर्ता संघका अध्यक्ष रोहन कार्कीलगायतको सहभागिता थियो । कार्यक्रममा सबैले पूँजी बजारमा देखिएको समस्या समाधान गर्न सम्पूर्ण लगानीकर्ता एकजुट हुनुपर्ने बताएका थिए ।

कार्यक्रममा शेयर कारोबारमा मार्जिज ट्रेडिङको कार्यान्वयन, शेयर कर्जामा लगाइएको चार देखि १२ करोडको सीमा पुनर्विचार, धितोपत्र बोर्ड र नेप्सेका प्रमुखको नियुक्तिलगायतका तीन वर्षअघि भएको ५८ बुँदे मागको चाँडोभन्दा चाँडो सम्बोधन गर्न सबै लगानीकर्ता एक भएको अध्यक्ष ढकालले बताए । पूँजी बजारमा देखिएका समस्या समाधान र यसको विकास तथा विस्तारका लागि लगानीकर्ता अम्बिकाप्रसाद पौडेलको संयोजकत्वमा कार्यदलसमेत बनेको छ ।

## अनलाइनबाट कर तिर्ने व्यवस्था प्रभावकारी भएन

काठमाडौँ (रासस)/ नगरवासीको सुविधाका लागि काठमाडौँ महानगरपालिकाले अनलाइनबाट कर तिर्ने व्यवस्थाको सुरुआत गरे पनि प्रभावकारी हुन सकेको छैन । गत असोजदेखि महानगरपालिकाले अनलाइनबाट कर तिर्ने व्यवस्था सुरु गरेको थियो । हालसम्ममा १०० जनाले मात्र उक्त प्रणालीको प्रयोग गरी कर बुझाएका महानगरपालिकाले जानकारी गराएको छ ।

महानगरपालिकाको राजस्व विभागका प्रमुख डा शिवराज अधिकारीका अनुसार धेरै नागरिक यस प्रविधिबारे जानकार नभएकाले पनि सोचेअनुरुप अनलाइनमार्फत कर असुल हुन नसकेको हो । "यस व्यवस्थाले करदातालाई कार्यालयमा आएर लामो समयसम्म लाइनमा बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ, तर यसबारे जानकार नहँदा अझै पनि धेरै करदाता कार्यालयमा नै आएर कर तीर्ने गरेका छन्", डा अधिकारीले भने ।

कर खाताबाटै सिधै तिर्नका लागि सेवाग्राहीले आफ्नो वडा कार्यालयमा गएर राजस्व सफ्टवेयरमा आफ्नो सम्पत्ति तथा व्यवसायको विवरण भरेर करदाता संकेत नम्बर लिनुपर्ने हुन्छ । अघिल्लो वर्ष नै सोही प्रविधिको प्रयोग गरी कर तिरको भए रसिदबाट समेत करतादा संकेत नम्बर र आन्तरिक संकेत नम्बर लिन सकिने छ ।

चालू आर्थिक वर्षको असोजदेखि अहिलेसम्मा महानगरपालिकाले यस प्रविधिको प्रयोग गरी १५ लाख रकम असुल गरेको छ, यो रकम कम हो यस तरिकालाई धेरैभन्दा धेरै नागरिकसम्म पुऱ्याउनका लागि महानगरपालिकाले आगामी पुसदेखि नागरिकको घरघरमा जनचेतना कार्यक्रम सञ्चालन गर्नेछ ।

# धार्मिक पर्यटन बढाउन नेपाल र भारतबीच सहकार्यमा जोड



काठमाडौँ (रासस)/ नेपाल र भारत दुवै देशको पर्यटन प्रवर्द्धनका साझा पर्यटनसम्बन्धी कार्ययोजना बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

दुई देशबीच सांस्कृतिक तथा धार्मिक समानता हुनका साथै सदिऔँदेखिको नजिकको सम्बन्ध रहेकाले पनि साझेदारीमा प्रवर्द्धन अघि बढाउन सके दुवै देशलाई फाइदा पुग्ने उनीहरुको धारणा छ ।

एसोसिएसन अफ बुद्धिष्ट टुर अपरेटर (अब्टो) भारतले बोधगयामा आयोजना गरेको तीन दिवसीय चौथो अब्टो अन्तर्राष्ट्रिय कन्भेन्सनमा बोल्ने वक्ताहरले सो कुरामा जोड दिएका हुन् । सम्मेलनका अवसरमा अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट तथा बौद्ध धर्मको दुई हजार ५६६ वर्ष र यसको सान्दर्भिकता विषयक छलफल पनि आयोजना गरिएको छ ।

सम्मेलनको उद्घाटन गर्दै भारत दिल्लीका महिला बालबालिका, अल्पसंख्यक तथा समाज कल्याणमन्त्री राजेन्द्रपाल गौतमले नेपाल भारतबीच पर्यटनको अथाह सम्भावना रहेकाले यसलाई आपसी सहकार्यमा अघि बढाउनुपर्ने बताए ।

उनले बुद्धसँग सम्बन्धित विषयहरु नेपाल र भारत दुवै देशसँग जोडिएकाले पनि धार्मिक पर्यटनका लागि आपसी सहकार्य आवश्यक भएको र यसबाट दुवै देशको आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने धारणा राखेको नेपाल पर्यटन बोर्डले आज विज्ञप्तिमार्फत जनाएको छ । बोर्डका निर्देशक मणिराज लामिछानेले बुद्धजन्मस्थल नेपालमा रहेको र त्यसपछिका स्थानहरु भारतमा रहेकाले सहकार्य गरेर काम गर्न सकेमा धार्मिक पर्यटनलाई अगाडि बढाउन सकिने बताए । उनले भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न हुने चरणमा रहेकाले उक्त विमानस्थल सञ्चालमा आएपछि बुद्धसँग सम्बन्धित धार्मिक पर्यटन बढ्ने अपेक्षा गरे ।

नेपाल एसोसिएसन अफ ट्राभल एन्ड टुर एजेन्ट्स (नाटा)का अध्यक्ष अच्युत गुरागाईंले बुद्धसँग सम्बन्धित रहेर काम गर्ने गरी नेपालले समेत आउने मार्चमा लुम्बिनीमा बुद्धिष्ट टार्वल मार्ट आयोजना गर्न लागिएको जानकारी दिए ।

उनले बुद्ध नेपालमा जन्मेको प्रमाण हुँदाहुँदै बुद्धजन्मस्थलबारे बेलाबेलामा हुने भ्रम चिर्न र पर्यटकलाई सही जानकारी दिन भारतीय टुर अपरेटर तथा सरोकारवालालाई आग्रह गरे । यस्तै ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल टानका महासचिव सरिता लामाले नेपाल भारतबीच बुद्ध धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेकाले यसबाट दुई देशले फाइदा लिने गरी मिलेर काम गर्न आग्रह गरे । होटल संघ नेपाल (हान) का केन्द्रीय सदस्य तथा सिद्धार्थ होटल एसोसिएसनका अध्यक्ष सिपी श्रेष्ठले बुद्धजन्मस्थल लुम्बिनी र भारतमा रहेका बुद्धसाइटहरुलाई समेटेर बुद्ध सर्किट बनाएर विश्व समुदायमा यसको प्रचारप्रसार गर्न आवश्यक रहेको बताए ।

कार्यक्रममा कलकत्ता पर्यटनका एसिस्टेन्ट डाइरेक्टर बिबी मुखर्जी, बिर्गेडियर जनरल वीरेन्द्र सिंह, भारतीय रेलवेका रजिष्ट्रार अस्मिता सिंह लगायतले नेपाल भारत बीचको बहुआयामिक सम्बन्धलाई थप मजबुत बनाउँदै पर्यटन प्रवर्द्धनमा जोड दिन सुझाए ।

मंसिर २४ देखि २६ गतेसम्म चल्ने सम्मेलनमा विभिन्न विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नाका साथै बी टू बी सेसन पनि आयोजना गरिने अब्टोका महासचिव डा कौलेश कुमारले जानकारी दिए ।

# नासिँदै सम्पदा, उजाड बन्दै बस्ती

गलेश्वर (रासस)/ डोजर तथा स्काभेटरको प्रयोग गरी गाउँबस्ती, भिरपाखा र कुना कन्दरामा समेत मोटरबाटो निर्माण गर्न थालिएपछि म्याग्दीको ग्रामीण क्षेत्रमा रहेका ऐतिहासिक र प्राकृतिक सम्पदा नासिँदै गएका छन् ।

एक दशकअघिसम्म ग्रामीण क्षेत्रका लेक बेँसी, बस्ती, गोरेटो र उकाली ओरालीमा देखिने गरेका पाटी, पौवा, सत्तल, धारा, कुवा, पँधेरा, जरुवा, चौतारी, पोखरी र स्थानीय देवतालाई सम्झेर पाती चढाउने थुम्का नासिएर अहिले देखिन/भेटिन छोडेका छन् ।

गाउँघरतिर 'बजेट सक्ने विकास' भनेर बोलिने डोजर चालक नै इन्जिनियर बनेर खनिएका मोटर बाटोका कारण वर्षौं पहिलेदेखिका ऐतिहासिक तथा प्राकृतिक सम्पदा नास भएर गए पनि यिनको संरक्षणका लागि कुनै निकायले वास्ता नगरेको स्थानीयको भनाइरहेको छ । विकासका नाममा वातावरणीय प्रभाव मूल्यांकन नगरिकन जथाभावी खनिएका मोटरबाटोका कारण म्याग्दीको बेनी नगरपालिकासहित पाँच गाउँपालिकामा रहेका तीन दर्जन बढी ऐतिहासिक तथा प्राकृतिक सम्पदा नासिएका पाइएको छ ।

यस्ता प्राकृतिक तथा ऐतिहासिक सम्पदाको तथ्यांक अध्यावधिक गर्ने कुनै निकाय नभएता पनि स्थानीय तहहरुले आआफ्नो क्षेत्रमा पहिला भएका र अहिले नरहेका यस्ता सम्पदाको बल्ल जानकारी लिन सुरु गरेका छन् ।

स्थानीय तहका अनुसार ऐतिहासिक तथा पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, देवल, थुम्का, चौतारी, पोखरी, पाटीपौवा र धारा कुवाजस्ता सम्पदा विगत १० वर्षयता नामेट हुने अवस्थामा पुगिसेका छन् । गाउँ-गाउँमा सडक सञ्जाल विस्तार गर्ने क्रममा कतिपय पाटी, पौवा, सत्तल, देवल, धारा, कुवा र चौतारी पोखरी भत्काइएको वा पुरिएको बेनीका दण्डपाणि उपाध्यायले बताए । उनले भने, "विकासको नामबाट जुन विनास भएको छ त्यसले दीर्घकालसम्म अपूरणीय क्षति पुऱ्याइरहने छ । सडकको नाममा डोजरले खेतका गरा, कान्ला र उर्वर जमिन मात्रै भत्काएको छैन आफ्ना पुर्खाको कीर्ति, संस्कृति, सभ्यता र हाम्रो परम्पराको जग पनि हल्लाएको छ, यसले हाम्रो ग्रामीण सौन्दर्य पनि खोसिदिएको छ ।"

बाइसे चौबिसे राज्य अन्तर्गतका ऐतिहासिकस्थल ज्यामरुककोट, ताकमकोट, ढोलठान लगायत स्थानमा रहेका ऐतिहासिक देवल, मठ, थुम्का, सत्तल, चौतारी, पोखरी, कुवा र इनार अहिले खण्डहरमा परिणत भएका स्थानीयले बताएका छन् । ज्यामरुककोटमा अवस्थित मल्लकालीन राजा भर्तिबम मल्लले बनाएको फूलपाती चौतारी, डम्मरा चौतारी, गौडालाउने चौतारी, लामागराको पुर्खे सत्तल, ज्यामरुककोटको देवल, हाँडेभिर पश्चिमको पाती चढाउने थुम्कोलगायत दर्जनौं ऐतिहासिक, पुरातात्विक र प्राकृतिक सम्पदा नासिएका बगरफाँटका ८६ वर्षीय वेदप्रसाद उपाध्यायले बताए ।

त्यसैगरी ऐतिहासिक महत्व बोकेका खड्गभवानी मन्दिर, ताकममा अवस्थित ताकमकोट र ढोलठान मन्दिर वरिपरि रहेका कुवा र पोखरीको पनि अस्तित्व संकटमा परेको छ ।

मल्लकालीन कालखण्डको जीवन्त इतिहास बोकेका यस्ता स्थलको संरक्षण गर्न सरोकारवाला निकायले ध्यान नदिएको भन्दै स्थानीयवासीले गुनासो गरेका छन् ।

# विशेष चित्रकला कक्षा सञ्चालन



ललितपुर (रासस)/ चित्रकलाका माध्यमबाट अघि बढ्न चाहने विद्यार्थीका लागि यहाँ विशेष चित्रकला कक्षा सञ्चालन गरिएको छ ।

योङ पिकासोको आयोजना तथा प्रतिभा समाजको सहकार्यमा शनिबारदेखि हरेक शनिबार बिहान ९ बजेदेखि ११ बजेसम्म दुई घण्टा कुपण्डोलस्थित हिमालय होटल अगाडिको सातोआकी भवन उक्त कक्षा चल्ने भएको हो । घरमा शनिबार बिदाका दिन के गरेर बसौँ भन्ने १२ कक्षासम्म अध्ययनरत विद्यार्थीका लागि सो कार्यक्रम अघि बढाइएको पिकासोका निर्देशक एवं चित्रकार अजय देसारले बताए ।

उनले भने, "हामीले यस कक्षामा विद्यार्थीलाई उनीहरुको इच्छाअनुरुपको चित्र कोर्न सिकाउने छौँ, हरेक शनिबार मात्रै २५ विद्यार्थीलाई चित्रकला कोर्न सिकाइने छ ।" सुलभ शुल्कमा सो विद्यार्थीले छ महिनाको चित्रकला पाठ्यक्रमअर्थात् कोर्स सिक्न पाउने देशारले जानकारी गराए । मुलुकमा केही समयअघि फैलिएको कोरोना महामारीका कारण विद्यार्थीले अतिरिक्त गतिविधिमा खासै ध्यान दिन नपाएका कारण कतै उनीहरुमा भएको खुबी हराउने त होइन भन्ने डरका कारण सो कक्षा सञ्चालन गरिएको पिकासोका चित्रकार सूर्य दूतराजले बताए । मुलुकका विद्यालयमा खासै चित्रकला विषयपप्रति आकर्षण नदेखिएकाले सोतर्फ पनि विद्यार्थीको आकर्षण बढ्नुपर्छ भन्ने मनसायअनुरुप कक्षा चलाइएको अर्का चित्रकार सितु मास्केको भनाइ छ ।

पिकासोले नौ वर्षअघि ललितपुरमा स्थापना भएर यहाँका गाउँगाउँमा पुगी चित्रकलाको विकास गर्दै आएको छ । पिकासोमार्फत आफूहरुले वर्षको दुई पटक ललितपुरका धेरै ठाउँमा पुगी चित्रकला कोर्ने सिकाउने गरेको चित्रकार राजेश श्रेष्ठले बताए ।

## दुई करोड मात्रा खोप लगाइयो

काठमाडौँ (रासस)/ नेपालमा कोरोना भाइरसविरुद्धको दुई लाख मात्रा खोप लगाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसविरुद्धको खोप दुई करोड मात्रा लगाइएको बताए । उनका अनुसार दुई करोड दुई लाख ३४ हजार ८२२ मात्रा खोप लगाइएको छ ।

तीमध्ये एक करोड १० लाख ६६ हजार ४६४ जनाले एक मात्रा र ९१ लाख ६८ हजार ३५८ जनाले पूर्ण मात्रा खोप लगाएका छन् । सबभन्दा बढी शुक्रबार खोप लगाएका छन् । उनका अनुसार तीन लाख २९ हजार ३२१ जनाले खोप लगाएका छन् । सरकारले दैनिक दुई लाख जनालाई खोप उपलब्ध गराउने व्यवस्था गरेको छ ।

सरकारले गत माघदेखि कोरोना भाइरसविरुद्धको खोप अभियान सञ्चालन गरेको हो । अहिले सबै नागरिकलाई सरकारले खरिद गरेर र कोभ्याक्समार्फत ल्याएका खोप लगाउँदैछ ।

यस्तै लक्षितमध्ये ५५.५ प्रतिशतले पहिलो मात्रा र ४६ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् ।


नेपालमा एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप लगाउने सरकारको लक्ष्य छ । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले दुई करोड ९४ लाख ५३ हजार ७३० मात्रा खोप आइपुगेको छ ।

# गायक श्रेष्ठ राप्रपामा प्रवेश

काठमाडौँ (रासस)/ गायक सञ्जय श्रेष्ठ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा प्रवेश गरेका छन् । पार्टीका अध्यक्ष राजेन्द्र लिङ्गदेनले गायक श्रेष्ठलाई पार्टीमा प्रवेश गराएको हो ।

अध्यक्ष लिङ्गदेनले विभिन्न समयमा पार्टीमा आएको फुटका कारण यत्रतत्र छरिएका नेता तथा कार्यकर्तालाई पार्टीमा फर्कन आग्रह गर्दै लोकप्रिय गायक श्रेष्ठले पार्टीभित्र विभिन्न राजनीतिक अभियान सञ्चालन गरी संगठनलाई बलियो बनाउने विश्वास व्यक्त गरे । विसं २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा गायक श्रेष्ठ तत्कालीन राप्रपा नेपालबाट काठमाडौँ निर्वाचन क्षेत्र नं ६ बाट उम्मेदवार थिए । उनी सो पार्टी परित्याग गरी निस्कृय बसेका थिए । नेता सुन्दर पाण्डेका अनुसार अर्का गायक कविन्द्र श्रेष्ठ पनि उक्त पार्टीमा प्रवेश गरेका छन् । उनले विभिन्न धार्मिक संस्थाका प्रतिनिधिलाई समेत प्रवेश गराउनका लागि गृहकार्य भइरहेको जानकारी दिए । विसं २०७६ फागुन २८ मा तत्कालीन राप्रपासँग राप्रपा संयुक्तको एकता भएपछि पहिलोपटक एकता अधिवेशन हालै सम्पन्न गरेको सो पार्टीले समान विचार भएका पार्टी तथा समूहलाई एकताबद्ध गर्न महामन्त्री धवलशम्शेर राणाको संयोजकत्वमा समिति गठन गरेको छ ।

# नेतृत्वको प्रतिस्पर्धाबाट अलग रहने नेता पौडेलको घोषणा



काठमाडौँ (रासस)/ नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले आफू पार्टीको जारी १४ औँ महाधिवेशनमा नेतृत्वको प्रतिस्पर्धाबाट अलग रहने घोषणा गरेका छन् ।

पार्टीको महाधिवेशन केवल व्यक्तिको छनोट गर्ने मात्र थलो नभई यसले पार्टीलाई स्पष्ट नीति, योजना र एकताको सन्देश दिनु आवश्यक रहेको भन्दै उनले पार्टीभित्र अहिले देखिएको परिस्थितिमा नेतृत्वका लागि प्रतिस्पर्धा नगर्ने घोषणा गरेको हो ।

शनिबार प्रेस विज्ञप्ति जारी गर्दै उनले पार्टीका कार्यकर्ता र महाधिवेशन प्रतिनिधिलाई यो दिशामा आफ्नो ध्यान लगाउन तथा सुदृढ, सबल र एकताबद्ध पार्टी निर्माणमा एकजुट हुन आग्रहसमेत गरेका छन् । नेता पौडेलले भने, "मैले कांग्रेसलाई जुन रुपमा बुझ्दै आएको थिए, त्यो कांग्रेसमा विचलन आइरहेको मैले अनुभव गर्नुपरेको छ ।"

उनले पार्टी सत्ताको भ्याङमा सीमित नहोस् भनेर यसका संस्थापक नेताहरू बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले आदर्श र मूल्यका लागि जीवनभर सैर्ष गरेको स्मरण पनि उनले विज्ञप्तिमा गरेका छन् । चौधौँ महाधिवेशनसम्म आइपुग्दा आफूले अनेक प्रपञ्च भोगेको उल्लेख गर्दै उनले प्रजातन्त्रका मूल्य, मान्यता र आदर्श अँगालेर अथक प्रयत्न गरिरहँदा पनि पार्टी महाधिवेशनको मझधारमा आएर प्रतिस्पर्धाको मैदान छोड्नु पर्ने अवस्थामा पुगेको स्मरण गराएका छन् ।

उनले एउटा इमान्दार र लोकतन्त्रवादी नेपालीको हैसियतमा पार्टी र राष्ट्रमा देखिएका विकृति र गलत प्रवृत्तिविरुद्ध भने लडिनैरहने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

"लोकतन्त्रको आस्था मनभरि भरिएका कांग्रेसजन र विशेषगरी नयाँ शिक्षित पुस्ताले नेपाली कांग्रेसलाई राष्ट्रियता, प्रजातन्त्र र समाजवादको मूल आदर्शमा स्थापित गर्ने प्रयास अघि बढाउनेछन् भन्ने मेरो अपेक्षा भने मेटिएको छैन," उनले विज्ञप्तिमा भनेका छन्, "राष्ट्रिय राजनीतिमा मेरो भूमिका रहिरहनेछ ।

प्रतिस्पर्धाबाट म अलग रहे पनि आस्थावान् साथीहरूले आफ्नो विवेक प्रयोग गरेर लोकतान्त्रिक प्रतिस्पर्धाको आदर्श र मूल्यलाई जोगाउनु हुनेछ भन्ने शुभेक्षा व्यक्त गर्दछु ।"

# मोटरसाइकल दुर्घटना: एकको मृत्यु, एक घाइते

भक्तपुर (रासस)/ मोटरसाइकल दुर्घटना शनिबार भक्तपुरमा एक जनाको मृत्यु भएको छ भने एक गम्भीर घाइते भएका छन् ।

सूर्यविनायक नगरपालिका-७ गुण्डु रातोपाटी नजिक सूर्यविनायकबाट गुण्डुतर्फ जाँदै गरेको वाग्मती प्रदेश ०२-०३३ प ७१७३ नं को मोटरसाइकल शनिबार आफैँ अनियन्त्रित भई सडक छेउको बिजुलीको पोलमा ठोक्किँदा मोटरसाइकलमा सवार स्थानीयवासी ३२ वर्षीय रवीन्द्र थापाको उपचारका क्रममा मध्यपुर अस्पतालमा मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

उनका अनुसार शवपरीक्षणका लागि काठमाडौँ मेडिकल कलेज दुवाकोटमा पठाइएको छ ।

दुर्घटनामा गम्भीर घाइते मोटरसाइकल चालक गुण्डुकै ३७ वर्षीय सुरेन्द्र बस्नेतको मध्यपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# यातायात क्षेत्रको संरचनागत सुधार गर्न मुख्यमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले यातायात क्षेत्रमा देखा परेका समस्या समाधानका निम्ति कदम अगाडि बढाएका छन् ।

पाण्डेले केही दिनअघि यातायात व्यवसायीहरुको गुनासो सुनेपछि समस्या समाधानको लागि अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सार्वजनिक यातायात महासंघलाई उनले केही दिनभित्रै छलफल राखेर समस्या समाधानको निम्ति पहल गर्ने विश्वास दिलाएका थिए । मुख्यमन्त्री पाण्डेले यातायात व्यवसायीहरुलाई गरेको प्रतिबद्धता अनुसार शनिवार यातायात क्षेत्रका विषय विज्ञसँग छलफल अगाडि बढाएका हुन् । उनले छलफलबाट उत्पन्न समस्या समाधान गर्ने वाचा गरेका हुन् ।

छलफलमा मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले राज्यले जनतालाई पुर्‍याइरहेको सेवाको ऐनाका रुपमा जनताले बुझ्ने सवारी चालक अनुमती पत्र जारी गर्ने प्रणालीलाई व्यवस्थित बनाउन नीतिगत र संरचनागत सुधार गर्नका लागि योजनाहरु पेश गर्न निर्देशन दिएका थिए ।



प्रदेश सरकार मातहतका यातायात क्षेत्रसँग सम्बन्धित कार्यालयमा जिम्मेवारी लिएर बस्ने कर्मचारीहरुलाई समयको बदलावसँगै जनअपेक्षा बमोजिम यातायात क्षेत्रमा देखा परेका कमजोरीहरुलाई र सेवा प्रवाहमा सुधार गर्न निर्देशन दिएका छन् । उनले जनतालाई सेवा प्रवाहमा सुधार गर्न चाल्ने कदममा असहयोग गर्ने कर्मचारीहरुलाई व्यवस्थापन गर्ने बताएका छन् ।

कार्यक्रममा यातायात व्यवस्था विभागका महानिर्देशक नमराज घिमिरेले यातायात व्यवस्थामा अन्तर सरकारी समन्वय विषयमा कार्यपत्र समेत प्रस्तुत गरे । घिमिरेले सवारी चालक अनुमती पत्र, विद्युतीय सवारी दर्ता प्रणाली, इम्बोस्ड नम्बर प्लेट जडान, सवारी परीक्षण, सार्वजनिक सवारीमा कार्डबाट भाडा भुक्तानी प्रणाली व्यवस्थापनलगायत यातायात क्षेत्रसँग जोडिएका विविध विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

उनले संघीय सरकार र प्रदेश सरकारले हालको सवारी चालक अनुमती पत्र प्राप्त गर्नका लागि लिइने परीक्षा तथा परीक्षा पश्चात जारी हुने लाइसेन्स प्रणालीलाई व्यवस्थित गर्ने विधिबारे चर्चा गरेका थिए । महानिर्देशक घिमिरेले सार्वजनिक सवारीमा कार्डबाट भाडा भुक्तानी प्रणालीलाई तुरुन्त लागू गर्न सकिने योजना प्रस्तुत गरेका थिए ।

प्रदेश सरकारले यातायात क्षेत्रका विविध विषयहरुमा छलफल गरी सहज तथा प्रभावकारी ढंगबाट सेवा प्रवाह गर्न प्रणालीगत सुधारका लागि विषय विज्ञहरुसँग छलफल गरेको हो । मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारका प्रमुख सचिव किरणराज शर्मा, नेपाल सरकारका पूर्वसचिव शरदचन्द्र पौडेल, यातायात व्यवस्था विभागका पूर्वमहानिर्देशक वीरेन्द्र मिश्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बागमती प्रदेश शासकीय सुधार तथा समन्वय महाशाखाका प्रदेश सचिव स्किम श्रेष्ठ, बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्रालयका सचिव अशोक कुमार साहलगायत यातायात व्यवस्था विभागका प्राविधिक विशेषज्ञहरुको सहभागितामा छलफल गरेका थिए ।

## नौलो बिहानीद्वारा तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-६ चौघडामा रहेको नौलो विहानी कृषि सहकारी संस्थाले शनिवार देखि झोला बनाउने तालिम सुरु गरेको छ ।

सहकारी संस्थामा आबद्ध महिलाहरुको आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ तालिम सुरु गरिएको हो । तालिमको एक समारोहका बीच हेटौंडा-६ का कार्यवाहक अध्यक्ष सुभद्रा तिमल्सिनाले एक समारोहका बीच उद्घाटन गरेका थिए ।

सहकारीका उपाध्यक्ष डोरबहादुर अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पदाधिकारी, शिक्षा उपसमितिका पदाधिकारी, कर्मचारी, र तालिमका सहभागिहरुको उपस्थिति रहेको थियो ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा सञ्चालन हुने तालिम ७ दिनसम्म चल्ने संस्थाकी व्यवस्थापक गोमा लामिछानेले बताइन् । तालिममा ४० जना महिलाहरुको सहभागिता रहने संस्थाले जनाएको छ ।

जिल्लाका सहकारीहरुले पछिल्लो समय आफ्ना सदस्यहरुको क्षमता अभिबृद्धिका लागि पनि तालिमको आयोजना गर्ने र रोजगार सिर्जनामा टेवा पुर्‍याइरहेका छन् ।

# थाहा नगरले जित्यो अन्तरपालिका फुटबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा भएको प्रथम अन्तरपालिका पुरुष फुटबलको उपाधि थाहा नगर पालिकाले जितेको छ ।

शनिबार भएको फाइनल खेलमा हेटौंडा उपमहानगर पालिकालाई सडन डेथमा हराउँदै थाहा नगरले पहिलो संस्करणको उपाधि कब्जा गरेको हो । हेटौंडा-४, स्थित हुप्राचौरमा शनिबार भएको उपाधि भिडन्तमा निर्धारित समयको खेल २-२ गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमा पनि बराबरी भएपछि सडनडेथमा थाहा विजयी भएको थियो ।

सडन डेथमा हेटौंडाका खेलाडीले प्रहार गरेको बल असफल गएपछि थाहा नगरपालिकाले २-१ गोल अन्तरले उपाधि चुमेको हो । त्यसअघि खेलको २७ औं मिनेटमा हेटौंडाले अनिश महर्जनको गोलबाट अग्रता बनाएको थियो । पहिलो हाफको अतिरिक्त समयमा बिनोद घलानले गोल गर्दै २-० को अग्रता लिएको हेटौंडाले दोस्रो हाफमा सम्हालिएर खेल्न सकेन । खेलको ५६ औं मिनेटमा थाहाका लागि राजन गोलेले गोल गर्दै थाहालाई खेलमा फर्काए ।



अन्तिम समय ७७ औं मिनेटमा हेटौंडाका आकाश कटुवालाबाट आत्मघाती गोल भएपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो । बिजेता बनेसँगै थाहा नगर पालिकाले उपाधिसहित नगद २ लाख रुपैयाँ प्राप्त गर्यो । भने, हेटौंडाले नगद एक लाख रुपैयाँ प्राप्त गर्यो । यस्तै प्रतियोगितामा हेटौंडाका फत्तेमान घले सर्वोत्कृष्ट खेलाडी घोषितहुँदै नगद ५ हजार प्राप्त गरे ।

यस्तै विधागत् रुपमा थाहा नगरपालिका राजन गोले उत्कृष्ट परवार्ड, हेटौंडाका गगन सिलवाल उत्कृष्ट डिफेन्डर, थाहाका विशाल स्याङ्तान उत्कृष्ट मिडफिल्डर, हेटौंडाका सफल तिमलसीना उत्कृष्ट गोलकिपर र थाहाका नरेन्द्र मोक्तान उत्कृष्ट प्रशिक्षक घोषित भएका थिए । उनीहरुले जनही ३ हजार नगर, शिल्ड र प्रमाणपत्र प्राप्त गरेका थिए ।

प्रतियोगिताका बिजेताहरुलाई बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री डोरमणि पौडेल, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, उपप्रमुख भगवती पुडासैनी, सदस्य देवराज रिमाल, हेटौंडा-४ का वडा अध्यक्ष नविन सिग्देल, हेटौंडा-१४ का वडाअध्यक्ष दिपक खड्का, हेटौंडा-१० का वडाअध्यक्ष किताबसिंह लामा, खेलकुद विकास समितिका अध्यक्ष सानु लामा लगायतले पुरस्कार प्रदान गरेका थिए ।

## चेतनशील दुग्ध सहकारीको भेला

साझाकुरा संवाददाता

हेटौंडा-१७ चिसापानीमा रहेको चेतनशिल दुग्ध उत्पादक सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष महेश बजगाईले संस्थागत प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक रंगनाथ अधिकारीले लेखा समितिको प्रतिवेदन, सामान खरिद उपसमितिका संयोजक रामप्रसाद तिमल्सिनाले सामान खरिद उपसमितिको प्रतिवेदन, पशुधन उपसमितिका संयोजक धन बहादुर कार्कीले पशुधन उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधारणसभामा ज्येष्ठ शेयर सदस्य,बढी दूध विक्री गर्ने, बढी सामान खरीद गर्ने, संस्थापक शेयर सदस्य, असल बचतकर्ता, असली कारोवारी, उत्कृष्ठ विद्यार्थी, बैठकमा बढी दिन उपस्थित हुने संचालक र उत्कृष्ठ कर्मचारी लगायतकालाई सम्मान गरिएको थियो ।

हेटौंडा-१७ का वडा अध्यक्ष भैरब बहादुर राईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको साधारणसभामा हेटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइराला, हेटौंडा उमनपाका कार्यपालिका सदस्य कृष्ण राई, संस्थाका पूर्वअध्यक्ष कृष्ण प्रसाद सापकोटा, रोटरी क्लव अफ हेटौडाका अध्यक्ष राम प्रसाद घोरसैनी, संस्थाका कानूनी सल्लाहकार मदन कुमार दाहाल, शुभकामना सहकारीकी अध्यक्ष शान्ता गौतम, नारायणी दुग्ध उत्पादक सहकारीका उपाध्यक्ष इन्द्रप्रसाद खतिवडा, संस्थाद्वारा गठित बचत उपसमितिका सचिव विष्णुमान श्रेष्ठ लगायताले मन्तब्य व्यक्त गरेका थिए ।

७ सय ८३ जना शेयर सदस्य रहेको सहकारीले आब ०७७/०७८ मा ११ करोडको कारोवार गरेको व्यवस्थापक दीपक ढकालले बताए ।

## निर्माण सामाग्री व्यवसायी संघमा बजगाईं चयन



साझाकुरा संवाददाता

हेटौंडा/निर्माण सामाग्री व्यवसायी संघ मकवानपुरको अध्यक्षमा बालकृष्ण बजगाईं निविरोध निर्वाचित भएका छन् ।

शनिबार हेटौंडामा सम्पन्न ११ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनबाट बजगाईंको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति गठन भएको छ । संघको उपाध्यक्ष्मा नारायण बर्तौला, सचिवमा सुदीप तिम्लसिना, कोषाध्यक्षमा रोशन सापकोटा, सह-सचिवमा मन्नु बनियाँ र कार्यसमिति सदस्यहरुमा प्रदीपकुमार तिवारी, रविन श्रेष्ठ, उद्धव देवकोटा, अमित श्रेष्ठ र सुवास दहाल चयन भएका छन् ।

संघका अध्यक्ष कृष्णराम न्यौपानेको सभाध्यक्षता तथा मकवानपुर उद्योग वाणिज्य संघका वस्तुगत तर्फका उपाध्यक्ष राजु अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संघका पूर्व अध्यक्ष तथा प्रमुख सल्लाहकार मनोज जालान, निवर्तमान अध्यक्ष रवि नेपाल, जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरका अध्यक्ष रामहरी तिमल्सिना, नेपाल ग्याँस बिक्रेता महासंघका बागमती प्रदेश उपाध्यक्ष विनोदमान श्रेष्ठ, मउवा संघका कार्य समिति सदस्य तथा कपडा तथा तयारी पोशाक व्यवसायी संघका अध्यक्ष तेजराज अधिकारी लगायतको उपस्थिति रहेको थियो ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.


## बन पैदावार उद्योग व्यवसायी संघको अध्यक्षमा रामप्रसाद



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा रहेर काष्ठ व्यवसायमा रहेका व्यवसायीहरुको सस्था नेपाल बन पैदावार उद्योग व्यवसायी संघको अध्यक्षमा रामप्रसाद कोइराला निर्वाचित भएका छन् ।

शनिबार हेटौंडामा भएको प्रथम साधारण सभाले कोइरलाको अध्यक्षतामा ३ सदस्य पछि थप गर्ने गरी १२ सदस्य समिति सर्बसम्मत चयन गरेको हो । संघको निबर्तमान अध्यक्षमा गणेश कठायत रहेका छन् भने साधारण सभाले संघको प्रथम उपाध्यक्षमा धर्म बस्नेत, उपाध्यक्षमा गोपालचन्द्र श्रेष्ठ, महासचिवमा बिरेन्द्र डिसी र सचिबमा ज्ञानेन्द्रराज ढुङ्गेल निर्वाचित भएका छन् ।

संघको सदस्यमा बिकास बर्तौला, देबीलाल श्रेष्ठ, नारायणकुमार लामा, अशोक लामा, रबिन लामा थिङ् र ध्रुव थापा निर्वाचित भएको नब निर्वाचित सचिब ढुङ्गेलले जानकारी दिए । प्रथम भेलाले सर्बसम्मत लेखा समिति चयन गरेको छ । समितिका संयोजकमा निरञ्जन दाहाल, सहयोजकमा बिजयलाल श्रेष्ठ र सदस्यमा ईन्साफ केसीलाई चयन गरेको छ ।

संघ मकवानपुरका तदर्थ समितिका अध्यक्ष गणेश काठयतको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बन पैदावार उद्योग व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष मन्जीलबाबु मास्केको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश अध्यक्ष प्रकाश रायमाझी, प्रदेश उपाध्यक्ष राजेन्द्र श्रेष्ठ प्रदशेका सहकोषाध्यक्ष भुमिन्द अर्यालको आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुरका काष्ठ व्यवसायी ऋषिलाल श्रेष्ठले काष्ठ व्यवासयीको समस्या र जिल्लाको अवस्था बारे जानकारी गराएका थिए ।

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।


## भैंसेमा योजना तर्जुमा गोष्ठी

हेटौंडा/सव डिभिजन वन कार्यालय, भैंसेको आयोजनाम योजना तर्जुमा गोष्ठी भएको छ । सामुदायिक वनहरुले आफनो समूहमा गरिने कार्यहरुको बारेमा कसरी योजना बनाउने भन्ने बारेमा जानकारी दिन गोष्ठीको आयोजना गरिएको हो ।

गोष्ठीमा डिभिजन वन कार्यालय, राप्ती मनहरिकमा सहायक वन अधिकृत बच्चुराम सुवेदी, लेखा अधिकृत हेमराज ढुङगाना, सव डिभिजन कार्यालय राप्तीका रेन्जर निश्चल घिमिरेले सहजीकरण गरेका थिए ।








**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती,

फोन: ९८४१७७१६६४, ९८५५०३१६६४




***www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।**

***"तपाई, हामी सबैको कुरा"***

साझाकुरा

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल